त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

मितिः २०८१।९।२५

## स्नातक तह नवौं सेमेष्टरको परीक्षा आवेदन फारम भर्ने/भराउने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित स्नातक तह B.Ed. (ICTE & SNE) नवौं सेमेस्टर (नियमित तथा आंशिक) को २०८१ साल माघ/फागुन महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी यही २०८१ माघ १५ गतेसम्ममा अनलाईन मार्फत परीक्षा फारम भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। तोकिएको समयभित्र फारम भर्न छूट हुने परिक्षार्थीहरुले यही २०८१ साल माघ १६ गतेदेखि २० गतेसम्म दोब्बर शुल्क तिरी परीक्षा फारम भर्न सक्नेछन्। सम्बन्धित क्याम्पसहरुले आ-आफ्नो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको अनलाईन मार्फत भरिएका फारमहरु रुजु गरी आन्तरिक मूल्यांकनको प्राप्ताङ्क प्रविष्ट गरी संकलित परीक्षा शुल्क एकल शुल्कको हकमा यही २०८१ साल माघ १६ गतेसम्म तथा दोब्बर शुल्कको हकमा यही २०८१ साल माघ २१ गतेसम्ममा यस डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी संलग्न गरी २०८१ साल माघ २१ गतेसम्ममा Verify गरिसक्नु पर्नेछ।

**पुनश्चः**

- विद्यार्थीहरुले यस संकायको वेभसाइटः tufoe.edu.np मा रहेको online form मा गई नियमित तथा आंशिक विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन्।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रतिविद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) लाग्नेछ। जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ। **साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण परीक्षा सुरु हुनु अगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ।**
- अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ। यदि आवेदक विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फारम अस्वीकृत हुनेछ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ।

सहायक डीन